Website : besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

बेसीशहर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**स्वास्थ्य शाखा**
बेसीशहर,लमजुङ
गण्डकी प्रदेश,नेपाल

प.सं. :- २०७९-८०
च.नं.:- ११६ / २७

मिति :-२०७९-११-१४

बिषय : फाइजर (Pfizer-BioNTech Bi-Valent"Adult") खोप लगाउने सम्बन्धमा।

श्री सवै स्वास्थ्य संस्थाहरु,
बेसीशहर,लमजुङ।

प्रस्तुत बिषयमा स्वास्थ्य कार्यालयको प.सं. २०७९-८० च.नं. २०७ मिति २०७९-११-१२ गतेको यस कार्यालयमा प्राप्त पत्रानुसार कोभिड खोपको दोश्रो मात्रा पुरा गरेको ३ महिना पुगेका र पहिलो मात्रा बुस्टर खोप लगाएको ६ महिना पुरा भएका लक्षित समुहलाई मिति २०७९ फाल्गुन १७ गते देखि बिहान १० बजे देखि ४ बजे सम्म सवै स्वास्थ्य संस्थामा खोप केन्द्र राखि कोभिड - १९ विरुद्धको फाइजर खोप दिने व्यवस्था गर्नका लागि अनुरोध छ। साथै स्वास्थ्य कार्यालयवाट प्राप्त पत्र यसै पत्र साथ संलग्न रहेको छ।

**खोप लगाउने लक्षित समुह :-**

- ५५ बर्ष माथीका पहिलो बुस्टर लिन बाँकी रहेका व्यक्तिहरु, स्वास्थ्यकर्मी, गर्भवती,रोग प्रतिरोध क्षमता कम भएका व्यक्ति,१२ बर्ष माथीका दिर्घरोगीलाई पहिलो मात्रा बुस्टर खोप लिने बाँकी रहेमा पहिलो मात्रा बुस्टर खोप दिने।
- माथी उल्लेखित लक्षित समुहहरुलाई पहिलो बुस्टर खोप लगाएको ६ महिना पुरा भएको भए दोश्रो मात्रा बुस्टर खोप दिने।

**खोप लगाउने बिधि :-**

- यो खोप बुस्टर मात्राको लागी मात्र प्रयोग गर्न मिल्ने।
- खोप खैरो रगंको बिर्को भएको ६ मात्राको भायलमा र तयारी अबस्थामा उपलब्ध हुने (घोल्न नपर्ने)।
- खोप ०.३ मिलि मासुमा दिने।
- यो खोपको (shelf life) २०८० बैशाख १२ गते सम्म मात्र प्रयोग गर्न मिल्ने छ।

..................
मनोज सिंह बोहरा
स्वास्थ्य शाखा प्रमुख

CamScanner